# दुधौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# दुधौली सिन्धुली

२०७९/०८०

# दुधौली नगरपालिकाको महिला विकास कार्यक्रम संञ्चालन
## कार्यविधि, २०७९

प्रशासकीय अधिकृत

# दुधौली नगरपालिकाको महिला विकास कार्यक्रम संञ्चालन
## कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०३/०९**

नेपाल सरकारले लक्षित समूह भनि पहिचान गरेको महिला समुदायलाइ लक्षित गरी दुधौली नगरपालिकाले उपलब्ध गराउने विकास निर्माणको कार्यमा प्रत्यक्ष सरोकारवाला महिला समूदायलाइ सहभागि गराइ नेतृत्व विकास रोजगारीमूलक कार्यक्रम उधमशिलता विकास सम्बन्धि कामलाइ व्यवस्थित र प्रभावकारी गर्नका लागि स्थानीय सरकार सचालन ऐन २०७४ को भाग ३ मा व्यवस्था भए बमोजिम लक्षित वर्गको कार्यक्रम संचालन गर्न नगर स्तरीय महिला विकास समिति गठन गरी महिला सशक्तिकरणको कार्य गर्न दुधौली नगरकार्यपालिकाले मिति २०७९/०३/०९ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "दुधौली नगरपालिकामा महिला विकास कार्यक्रम संञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

ग. "ऐन" भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्दछ ।

घ. "कार्यविधि" भन्नाले “दुधौली नगरपालिका मा महिला विकास कार्यक्रम सन्चालन कार्यविधि, २०७९” सम्झनु पर्दछ ।

ङ. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

च. "महिला विकास समिति" भन्नाले दफा ४(१) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

छ "सयोजक" भन्नाले दफा ४.१ बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्दछ ।

ज "संरक्षक" भन्नाले नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः** (१)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १० को उपदफा (१०) को १०.१.२बमोजिम लक्षित समूह (महिला) सम्बन्धी स्थानीय योजना,कार्यक्रम,श्रोत परिचालन र ब्यवस्थापन प्रयोजनको लागि यो कार्यविधि लागू हुने छ।

**४. समिति सम्बन्धी व्यवस्थाः**

**१.** दफा ३ बमोजिमका लक्षित समूह (महिला) सम्बन्धि स्थानीय योजना,कार्यक्रम,श्रोत परिचालन र ब्यवस्थापन प्रयोजनको लागि नगर उपप्रमुखको संरक्षकत्वमा देहाय बमोजिम बढीमा ११ सदस्य सदस्यीय **महिला विकास समिति** हुनेछ ।

क. संयोजक : नगर कार्यपालिकाबाट तोकिएको महिला कार्यपालिका सदस्य

ख. सदस्य: मान्यता प्राप्त राजनैतिक दलबाट प्रतिनिधित्व हुने गरी सोही दलले तोकेको महिला प्रतिनिधि एक एक जना गरी वढीमा ४ चार जना

ग. सदस्य : संरक्षक उप प्रमुख द्वारा मनोनीत महिला उधमीहरुको प्रतिनिधि महिला एक जना

घ. सदस्य : यसै समिति द्वारा मनोनित सहकारीको प्रतिनिधि महिला १ जना

ङ. सदस्य : नगर प्रमुख द्वारा मनोनित महिला अधिकार कर्मीहरुबाट १ जना

च . असदस्य सचिव : लैङ्गिक समानता तथा सामाजिक समावोसीकरण उपशाखाको प्रमुख

२. यस समितिको पदेन सल्लाहकारका रुपमा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सामाजिक विकास समितिका सयोजक रहने छन् ।

३. समितिको काम कर्तव्य र अधिकार तोकिय बमोजिम हुनेछ ।

**५. समितिको बैठक सम्बन्धि कार्यविधी देहाय अनुसार हुनेछः**

क. समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा हुनेछ ।

ख. समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाबै समितिका सदस्य सचिवले बैठकमा छलफल हुने कार्य सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

ग. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

घ. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

च. समितिले आवश्यक ठानेमा महिलाको क्षेत्रमा काम गर्ने संघ संस्थाका पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

छ. समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

ज. यस समितिको बैठकमा सहभागी हुँदा नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

**६. समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।**

क. महिला क्षेत्रको विकासको लागि योजना तयार गर्ने ।

ख. महिलाहरुको नेतृत्व विकासको लागि कार्यक्रम निर्माण गर्ने ।

ग. महिलाहरुलाई सिपमूलक तालिमहरुमा सहभागी गराउने ।

घ. तालिम प्राप्त महिलाहरुलाई व्यवसाय संचालन गर्न आवश्यक सहयोगको व्यवस्था मिलाउने ।

ङ. महिलाहरु मार्फत संचालित उधोगहरु तथा व्यवसायहरुलाई स्तरोन्नती गर्दै लैजाने व्यवस्था मिलाउने ।

च. महिला उधमिहरु मार्फत निर्माण भएको सामाग्रीहरुको बजारीकरणको व्यवस्था मिलाउने ।

छ. महिलाको क्षेत्रमा हुने सबै खाले विभेदको अन्त्यको लागि योजना निर्माण गरी कार्यान्बयनमा ल्याउने ।

ज. विकासमा महिला वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

झ. लोकसेवा र शिक्षा सेवा आयोग तयारी कक्षाहरु संचालन गर्ने ।

ञ. महिला उधमी मार्फत तयार भएको बस्तुहरुको प्रचार प्रसार र व्यवसायी करणको लागि उधमी मेला संचालन गर्ने ।

ट. उल्लेखनीय कार्य गर्ने महिलालाइ सम्मान तथा पुरस्कृत गर्ने ।

ठ. लैगिक हिसा न्यूनीकणको लागि योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

ड. सिपमुलक तालिम लिएका व्यवसायीहरुलाई न्युनतम् १०,०००।-देखि अधिकतम् ५०,०००।- सम्म व्यवसाय स्थापना खर्च दिन निर्णय गरी नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्ने छ।

ढ. नगर पालिका भित्र सञ्चालन हुने महिला बालबालिका र जेष्ट नागरिक सँग सम्बन्धित योजना तथा कार्यक्रमहरु सञ्चालनका लागि निर्णय गरी कार्यान्वयन गर्ने/ गराउने।

**७. समितिको सचिवालय**

समितिको कार्य संचालन गर्न यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावोसीकरण उपशाखालाई सचिवालयको रुपमा प्रयोग गरिने छ ।

**८. समितिका पदाधिकारीहरुको पदावधि र चयन सम्बन्धी व्यवस्था :**

सामान्यत समितिको पदावधि २ बर्षको हुनेछ । पदावधि सकिएको १ महिना भित्र कार्यालयले नयाँ समितिको गठन गर्नु पर्ने छ ।

**९.विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत